दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
वर्ष ३६ | अंक २३९ | बुटवल | २०८१ भदौ ०९, गते आइतबार | नेपाल संवत ११४४ | Sunday Aug.25 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

## व्यावसायिक कृषिले प्रदेशको कायापलट : मुख्यमन्त्री



बुटवल । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले व्यावसायिक कृषिले लुम्बिनी प्रदेशले कायापलट गर्न सक्ने बताएका छन् ।

नेपाल चेम्बर अफ कमर्श लुम्बिनी प्रदेशको चौथो साधारणसभा तथा दोस्रो अधिवेशन उद्घाटनका क्रममा मुख्यमन्त्री आचार्यले कृषिको क्षेत्रमा कायापलट गर्न सकिने बताउँदै चितवनबाट दाङमा गएर केही व्यापारीले ठूलो मात्रामा प्रतिफल पाएको उदाहरण दिँदै कृषि क्षेत्रमा कायापलट गर्न सकिने बताए ।

कृषि अनुदानमा सरकारले समेत लगानी गरिरहेकाले युवाहरू समेत कृषि पेसामा आकर्षित भएको उनले जनाए । नेपालले कृषि र पर्यटन क्षेत्रमार्फत् आर्थिक उन्नति गर्न सकिने मुख्य मन्त्री चेतनारायण आचार्यले औंल्याए ।

मुलुकमा राजनीतिक स्थायित्वका निम्ति २ राजनीतिक दल एक ठाउँमा आएपछि अर्थतन्त्रका सूचकांक उकालो लागिरहेको उनले बताए । अब व्यावसायीका निम्ति आसाका दिन आएको मुख्यमन्त्री आचार्यको भनाइ थियो ।

सो कार्यक्रममा प्रदेशका आर्थिक मामिला मन्त्री धनेन्द्र कार्कीले अहिलेको सरकारले मुलुकमा व्याप्त निराशालाई चिरेर आशा जगाउन सक्नुपर्ने बताए ।

राष्ट्रिय योजना आयोगका सदस्य प्रकाशकुमार श्रेष्ठले व्यवसायीहरुले अव व्यापारको ट्रेण्ड बदल्नुपर्ने बेला आएको बताएका छन् ।

उनले अबको व्यापार परम्परागत ढंगबाट चल्न नसक्ने भन्दै व्यापारको ट्रेन नबदल्ने हो भने अझैं धेरै सटरहरु बन्द हुने बताए ।

श्रेष्ठले उपभोक्ताहरुको रोजाई सुपरमार्केट र अनलाइन व्यापारतर्फ रहेकाले अब व्यवसायीहरु क्रमशः यस दिशातर्फ केन्द्रित हुनुपर्ने जनाए ।

लुम्बिनी प्रदेश योजना आयोगका पूर्व उपाध्यक्ष समेत रहेका श्रेष्ठले विश्व अर्थतन्त्रमा आएको परिवर्तनले नेपाली अर्थतन्त्रलाई पनि डोऱ्याएको, तर त्यस अनुरुप नेपाली व्यवसायीहरु हिंड्न नसकेको बताए ।

उनले पहिलेको जेनरेशनले आधुनिक व्यापारलाई अंगाल्न नसकेको र नयाँ जेनरेशन आफ्ना पुस्ताले गर्दै आएको व्यवसायमा रुची नराखेर विदेश पलायन भैरहेको भन्दै यो पनि मुख्य समस्याको रुपमा रहेको बताए । श्रेष्ठले मुलुकको आर्थिक अवस्थामा परिवर्तन हुँदै नभएको जसरी भाष्य खडा गर्न खोजिएको भन्दै त्यो पनि सत्य नभएको बताए ।

उनले लुम्बिनी प्रदेशको आर्थिक अवस्था सुधार्न तीनवटा क्षेत्रलाई केन्द्रित गरेर विकास गर्नुपर्ने आवश्यकता औंल्याए । कृषि, उद्योग र पर्यटनमा यो प्रदेशमा थुप्रै संभावना रहेकाले प्रदेश सरकार यस दिशातर्फ केन्द्रित हुनुपर्ने सुझाव दिए । कार्यक्रममा चेम्बर लुम्बिनी अध्यक्ष टंक पोखरेल, महासचिव जेपी कंडेलले सरकार र निजी क्षेत्रको सहकार्यले मात्रै आर्थिक विकास सम्भव हुने बताए ।

### सूर्योदय सहकारी ठगी प्रकरण

# ठगी आरोपित गाउँपालिकाका अध्यक्ष अझैं पक्राउ परेनन्

श्रीकृष्ण सिग्देल

*स्याङ्जा*



सूर्योदय बचत तथा ऋण सहकारी संस्था बिरुवा सेवा केन्द्रमा बचतकर्ताको रकम अपचलन गरेको आरोप लागेपछि बिरुवा गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर कुँवरलाई प्रहरीले लामो समय बित्दा समेत पक्राउ गर्न सकेको छैन ।

प्रहरीले सहकारीको रकम हिनामिना गरेको तथ्य फेलापारेपछि उनलाई पक्राउ पुर्जी जारी गरेको थियो । पक्राउ पुर्जी जारी भएको गन्ध थाहा पाएपछि गाउँपालिका अध्यक्ष कुँवर फरार भएका हुन् । कुँवरसँगै पक्राउ पुर्जी जारी गरिएका तारेन्द्र केसी र मुक्तिनाथ विकास बैंक बिरुवा शाखाका कस्टमर सर्भिस विभागमा कार्यरत कर्मचारी सन्ध्या भण्डारीलाई प्रहरीले पक्राउ गरी जिल्ला अदालतमा बयानका लागि पेश गरेको थियो । गाउँपालिका अध्यक्षलाई पक्राउ गर्न प्रहरीले तदारुकता नदेखाएको सरोकारवालाको गुनासो छ ।

सहकारीका प्रवन्धक जीवन वाग्ले अगाडि नै पक्राउ परेका थिए । उनको बयानका आधारमा सूर्यबहादुर कुँवर, तारेन्द्र केसी र सन्ध्या भण्डारीलाई अनुसन्धानका लागि प्रहरीले पक्राउ गरी जिल्ला अदालतमा पेश गरेको हो । तिनै जनाको बयानका आधारमा जिल्ला अदालतले मुक्तिनाथ विकास बैंकका कर्मचारी भण्डारीलाई १ लाख धरौटीमा छाडिदिएको छ भने केसी र वाग्लेलाई पुर्पक्षका लागि थुनामा पठाएको छ । फरार रहेका गाउँपालिका अध्यक्ष कुँवरलाई वारेन्ट जारी गर्दै अदालतमा हाजिर हुन आदेश दिएको छ । बुधबार र बिहीबार भएको अदालतमा लामो बयानपछि थुनछेक बहसमा केसी र वाग्ले जेल चलान हुन पुगेका छन् भने भण्डारीलाई धरौटीमा रिहा गर्न आदेश दिइएको हो ।

जिल्ला सदरमुकाममा रहेको सूर्योदय बचत तथा ऋण सहकारी संस्था लि. को बिरुवा सेवा केन्द्रमा ३ करोड ६६ लाख रकम अपचलन गरेपछि उनीहरु विरुद्ध प्रहरीमा जाहेरी परेको थियो । फरार रहेका कुँवर सहकारीका बिरुवा सेवा केन्द्रका तत्कालिन सचिव थिए भने पुर्पक्षका लागि जेल चलान भएका तारेन्द्रबहादुर के.सी. अध्यक्ष थिए । अर्का जेल चलान भएका वाग्ले सहकारीका प्रबन्धकको रुपमा काम गर्दै आएका थिए । धरौटीमा रिहा भएकी सन्ध्या भण्डारी मुक्तिनाथ विकास बैंक बिरुवा शाखाका कस्टमर सर्भिस विभागमा कार्यरत कर्मचारी हुन् ।

प्रहरी अनुसन्धानमा सहकारीको बिरुवा सेवा केन्द्रका प्रमुख जीवन वाग्लेले २०७४ सालदेखि सहकारीमा रकम अपचलन गर्दै आएको खुलेको छ । विना कागजात कारोबार गरी रकम अपचलन गर्ने गरेको अनुसन्धानबाट खुल्न आएको छ । पार्टीका नेताले पैसा लग्ने, सेवा केन्द्र प्रमुख जीवन वाग्लेले बैंकिङ स्टेटमेन्ट इडिटिङ् गरेर मिलाउने र मुक्तिनाथ बैंककी कर्मचारी भण्डारीमार्फत् स्टेटमेन्ट प्रमाणित गरी सहकारीको रकम अपचलन गर्ने गरेको खुलेको छ । पालिकाका अध्यक्ष कुँवर र सहकारी सेवा केन्द्रका अध्यक्ष के.सी. नातेदार समेत रहेको खुलेको छ । सूर्योदय सहकारीको मुख्य कार्यालयका अध्यक्ष हुमबहादुर कुमालले अदालतले बचतकर्ताको रकम र शेयर सदस्यको रकमो विषयमा न्याय गर्ने आशामा रहेको बताए ।

पछिल्लो समय नेपालमा सहकारी ठगी गर्ने प्रकरण बढ्दो रुपमा रहेको छ । अनुगमन गर्ने निकाय कमजोर हुँदा र सहकारी आफैँमा स्वायत्त संस्था भएकाले पनि ठगी गर्ने क्रम बढेको विज्ञहरु बताउँछन् । मुलुकमा संघीयता लागू भएसँगै सहकारी हेर्ने जिम्मेवारी स्थानीय र प्रदेश सरकारलाई संविधानले तोकेको छ । कानुन फितलो बनाउने र सहकारी चलाउने नै कानुन बनाउने ठाउँमा पुग्दा सहकारी जोगाउने कानुन बनाउनभन्दा पनि ठगी गर्न सजिलो हुने बनाउने प्रवृत्तिले सहकारीहरु पछिल्लो समय अफठ्यारोमा पर्दै गएका छन् । अनुगमन गर्ने जिम्मा पाएका जनप्रतिनिधिहरु नै सहकारी सञ्चालक/शेयर सदस्य भएकाले समेत प्रभावकारी अनुगमन हुन सकेको छैन ।

स्याङ्जामा सहकारीहरुको अवस्था निकै नाजुक रहेको तथ्याङ्कले देखाएको छ । तर पनि धेरै विषय बाहिर आउन नसकेका कारण भित्रभित्रै नाजुक अवस्थामा पनि सहकारीहरु चलाउन बाध्य भएका छन् । हाल सदरमुकाममा रहेको सूर्योदय बचत तथा ऋण सहकारीमा सञ्चालककै लापरबाहीले ठूलो रकम अपचलन भएको छ । रकम अपचलन गर्नेहरु हाल पुर्पक्षका लागि जेल चलान भइसकेको अवस्था छ भने एकजना फरार नै रहेका छन् । सहकारी ऐन २०७४ को परिच्छेद १९ को दफा १२२ मा सजाय र कसुरसम्बन्धीको उपदफा (घ) मा समितिको सदस्य, व्वस्थापक वा कर्मचारीले सहकारीको सम्पती, बचत वा शेयर रकम हिनामिना गरेमा कसुर मानिने छ भनेर उल्लेख गरिएको छ ।

सहकारी ऐन विपरीत रकम अपचलन गरेको फेला परेमा सोही ऐनको दफा १२४ को उपदफा (घ) अनुसार विगो भराई बिगो बराबरको जरिवाना र १ करोड रुपैयाँदेखि १० करोड रुपैयाँसम्म बिगो भए ६ वर्षदेखि ८ वर्षसम्म कैद सजाय हुने व्यवस्था छ । सूर्योदय सहकारीमा फरार रहेका कुँवरसहित केसी र वाग्ले सहकारीका सञ्चालक र व्यवस्थापक हुन् । तिनैजनाले सहकारी ऐन विपरीत रकम अपचलन गरेको खुलेपछि सहकारी ऐनको १२४ को उपदफा (घ) बमोजिमको कारबाही हुन सक्ने वकिलहरु बताउँछन् । अदालतमा समेत हाजिर हुन नआएका फरार कुँवरलाई अझैं बढी सजाय हुन सक्ने अनुमान गरिएको छ । फर्जी कागजात बनाई रकम अपचलन गरेको हुनाले यो क्रियाकलाप सहकारी ऐन विपरीत भएको देखिन्छ ।

# शाइन रेसुंगाले जित्यो इमर्जिङ एसिया बेस्ट बैंक अवार्ड



बुटवल । इमर्जिङ एसिया बैंकिङ अवार्ड-२०२३ अन्तर्गत नेपालबाट शाइन रेसुंगा डेभलपमेन्ट बैंकले बेस्ट बैंकसहित तीनवटा अवार्ड जितेको छ ।

इण्डियन च्याम्बर अफ कमर्सले भारतको नयाँ दिल्लीमा शुक्रबार आयोजना गरेको 'बैंकिङ कनक्लेभ २०२४' मा शाइन रेसुंगाले नेपालबाट 'बेस्ट बैंक' सहित बेस्ट पर्फमेन्स अन प्रोफिटाबिलिटी र बेस्ट पर्फमेन्स अन ग्रोथ क्याटोगोरीमा पनि उत्कृष्ट हुँदै तीन अवार्ड जित्न सफल भएको हो ।

अवार्डमा विमस्टेकअन्तर्गतका राष्ट्रहरु भारत, नेपाल, श्रीलंका, भुटान, म्यानमारलगायतका देशका बैंकहरुले प्रतिस्पर्धा गरेका थिए । शुक्रबार नयाँ दिल्लीमा आयोजित समारोहमा शाइन रेसुंगा डेभलपमेन्ट बैंकका नायब प्रमुख कार्यकारी अधिकृत लोकराज पनेरु र प्रमुख वित्त अधिकृत भुवन पन्थले अवार्ड ग्रहण गरेका थिए ।

नेपालबाटै एनआइसी एसिया बैंकले बेस्ट पर्फमेन्स अन डिजिटल बैंकिङ शीर्षकमा र गरिमा विकास बैंकले बेस्ट पर्फमेन्स अन एसेट म्यानेजमेन्ट (सम्पत्ति व्यवस्थापन) क्याटोगोरीमा अवार्ड जितेका छन् ।

इण्डियन च्याम्बर अफ कमर्सले गत वर्षदेखि वितरण गर्न सुरु गरेको यो अवार्डमा शाइन रेसुंगाले पहिलो पटकमै बेस्ट पर्फमेन्स अन प्रोफिटाबिलिटी र बेस्ट पर्फमेन्स अन ग्रोथ क्याटेगोरीमा उत्कृष्ट हुँदै अवार्ड जितेको थियो । अवार्डका लागि इण्डियन च्याम्बर अफ कमर्सको आर्थिक मामिला तथा नीति विभागले विभिन्न १७ वटा सूचक निर्धारण गरेको थियो । जसमध्ये शाइन रेसुंगाले कुल सम्पत्ति, कुल निक्षेप, कुल कर्जा तथा सापटी, खुद कर्जा तथा सापटी, कुल ब्याज आर्जन, कुल ब्याज खर्च, शुल्कमा आधारित आम्दानी, सञ्चालन खर्च, करपछिको खुद नाफा, प्रावधान र आकस्मिकता तथा अन्य आम्दानीलगायतका सुचकहरुमा उत्कृष्ट भएको थियो ।

बैंकले यसअघि न्यू विजनेस एज प्रालिले आयोजना गरेको प्रतिस्पर्धामा दुई पटक बेस्ट म्यानेज्ड डेभलपमेन्ट बैंकको अवार्ड जितेको छ । स्थापनाकालदेखि नै इथिकल बैंकिङको मूल्य मान्यतामा आर्थिक सुशासन कायम गर्दै अघि बढेकाले निरन्तर अन्तर्राष्ट्रिय र राष्ट्रियस्तरका अवार्डहरु जित्न सफल भएको र यसबाट बैंकको उचाई थप माथि पुगेको बैंकका प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेलले बताए ।

'अन्तर्राष्ट्रिय अवार्ड पाउनुमा बैंकका सञ्चालक, कर्मचारी, निक्षेपकर्ता, कर्जा लिएका सर्वसाधारणदेखि उद्योगी व्यवसायी सबैको योगदान र सहयोग छ ।'-पौडेलले भने ।

बैंकका अध्यक्ष थानेश्वर पौडेलले शहरी क्षेत्रसँगै ग्रामीण क्षेत्रमा समेत बैंकिङ पहुँच पुऱ्याउने उद्देश्यले बैंकले पहाडी जिल्लामा प्राथमिकताका साथ शाखाहरु विस्तार गरेको र सूचना प्रविधको विकसित युग सुहाउँदो डिजिटल बैंकिङलाई प्राथमिकता दिएर अगाडि बढेकाले विकास बैंकहरुमा अग्रणी र सेवाग्राहीको रोजाइको बैंक बन्न सफल भएको बताए ।

बुटवलमा केन्द्रीय कार्यालय रहेको शाइन रेसुंगा लुम्बिनी प्रदेशको एक मात्र राष्ट्रियस्तरको विकास बैंक हो । ८ अर्ब अधिकृत पुँजी र ४ अर्ब ७३ करोड चुक्ता पुँजी भएको बैंकका लुम्बिनीमा ७२ सहित देशभर ८८ वटा शाखा, एउटा एक्सटेन्सन काउन्टर र १८ वटा एटीएम सञ्चालनमा छन् ।



## सम्पादकीय

# मन्त्रीलाई आचारसंहिता

लुम्बिनी प्रदेश सरकारको मन्त्रिपरिषद्ले मन्त्रीहरुले पालना गर्नुपर्ने आचारसंहिता–२०८१ लागू गरेको छ। मन्त्रीहरुलाई अनुशासित राख्न र सुशासन कायम गर्न आचारसंहिता महत्वपूर्ण कडी मानिएको छ।

आचारसंहितामा प्रदेश राजधानी बाहिर भ्रमणमा जाँदा मुख्यमन्त्रीबाट भ्रमणको पूर्वस्वीकृति लिएरमात्र जानुपर्ने, जिल्ला भ्रमणमा जाँदा आन्तरिक मामिला तथा कानून मन्त्रालयमार्फत् सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई भ्रमण कार्यक्रमबारे पूर्व जानकारी गराउनुपर्ने, भ्रमण टोली सानो र भ्रमण खर्च मितव्ययी हुनुपर्ने उल्लेख छ। अनावश्यक र औचित्यहीन भ्रमण कार्यक्रममा संलग्न हुन नहुने, एक जिल्लामा एक पटकमा दुई दिनभन्दा बढी नबस्ने गरी व्यवस्था मिलाउनुपर्ने र उपलब्ध भएसम्म सरकारी अतिथि गृहको प्रयोग गर्नुपर्ने, अत्यावश्यक नपरी एक जिल्लामा महिनामा एक पटकभन्दा बढी भ्रमण गर्न नहुने, सरकारी कामको सिलसिलामा भ्रमणमा जाँदा भएको खर्चको विवरण सार्वजनिक गर्नुपर्ने, निजी प्रयोजनका लागि भ्रमणमा जाँदा मुख्यमन्त्रीलाई जानकारी गराई जान सकिने र त्यस्तो भ्रमणमा भएको कुनै पनि खर्च सरकारी कोषबाट भुक्तानी लिन नपाइने आचारसंहितामा उल्लेख छ। भ्रमणबाट फर्केपछि मुख्यमन्त्रीसमक्ष प्रतिवेदन पेश गरेपछि मात्र भ्रमण खर्च भुक्तानी लिनुपर्ने, सदाचारयुक्त व्यवहार गर्नुपर्ने, मन्त्रिपरिषद् सदस्यका हरेक क्रियाकलाप र व्यवहार उच्च आदर्शयुक्त, अनुकरणीय, सम्मानित र सदाचारपूर्ण हुनुपर्ने, मन्त्रिपरिषद् सदस्यले सदाचार विपरीतका कार्य गर्न नहुने आचारसंहितामा उल्लेख छ।

मन्त्रिपरिषद् सदस्यले शपथ लिएको ६० दिनभित्र सम्पत्ति विवरण पेश गर्नुपर्ने भएको छ। मन्त्रिपरिषद् सदस्यले आफ्नो र परिवारको नाममा रहेको चल तथा अचल सम्पत्तिको विवरण शपथ लिएको ६० दिनभित्र तोकिएको ढाँचामा २ प्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमक्ष पेश गर्नुपर्ने, पेश भएको उक्त सम्पत्ति विवरण सर्वसाधारणको जानकारीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट वेबसाइटमा राख्ने तथा सञ्चारका अन्य माध्यमबाट समेत सार्वजनिक गर्ने व्यवस्था मिलाउनुपर्ने, मन्त्रीले पदमुक्त हुँदासमेत सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने विषय समेटिएको छ।

आचारसंहिता व्यक्तिलाई स्वअनुशासनमा राख्न बनाइन्छ। आचारसंहिता कानुनझैं पालना गर्न बाध्यकारी नभए पनि पालना गर्ने बानी बसाल्दा स्वंय व्यक्ति र संस्थाको गरिमा बढ्छ। मन्त्रीहरुको जिल्ला भ्रमणलाई पारदर्शी र व्यवस्थित गर्नेदेखि मन्त्री बनेको ६० दिनभित्र सम्पत्ति विवरण सार्वजनिक गर्ने र छाड्दा समेत सम्पत्ति विवरण सार्वजनिक गर्ने विषय सुशासनका दृष्टिले महत्वपूर्ण छ। अहिले प्रदेश संरचनाप्रति नकारात्मक मनोविज्ञान हावी छ। प्रदेश सरकार अस्थिर भइरहेको र नतिजामुखी काम गर्न ध्यान नपुग्दा नकारात्मक मनोविज्ञान हावी भएको हो। संविधानले प्रदेशलाई विकासको महत्वपूर्ण आधार मानेको छ। प्रदेश सरकारका सामु आर्थिक स्रोतको सीमा छ। राजस्व संकलन र परिचालनको स्रोत सीमित भएकाले मितव्ययी हुँदै सीमित स्रोतको परिचालन गरी नतिजा निकाल्नुपर्ने छ। सरकार नतिजामुखी ढंगले अघि बढ्न सक्दा मात्रै प्रदेशप्रति नागरिकको अपनत्व बढ्दै जाने हो। मुख्यमन्त्री चेतनारायण आचार्यले सरकारलाई नतिजामुखी बनाउन आचारसंहिताको पालनामा कडाइ गर्न ध्यान दिनुपर्छ। आचारसंहिताको पालना फितलो भयो भने त्यसले समाजमा सरकारप्रति नकारात्मक धारणा विकास हुनेछ।

# विपत् व्यवस्थापनमा हाम्रो क्षमता



कृष्णा पौडेल

विपत् जोखिम न्यूनीकरण, पूर्वतयारीदेखि विपत् प्रतिकार्य हुँदै पुनर्लाभसम्म गरिने कार्य नै विपत् व्यवस्थापन हो। जोखिमको विश्लेषण, मूल्याङ्कन, विपत् रोकथामका लागि गरिने उपाय र जोखिम कम गर्न गरिने काम विपत् जोखिम न्यूनीकरणमा पर्छन्। विपत् लगत्तै घटनास्थलमा गरिने खोज उद्धार, सुरक्षित ठाउँमा सार्ने र राहत वितरणसम्बन्धी कार्य विपत् प्रतिकार्य र विपत्पश्चात्को पुनःस्थापना र पुनर्निर्माणसम्बन्धी कार्य विपत् पुनर्लाभअन्तर्गत पर्छन्। जोखिमयुक्त स्थानमा विपत् पूर्वसूचना प्रणालीको विस्तार तथा जलमापन केन्द्रको स्थापनाका कारण पछिल्लो समय नेपालमा विपत्बाट ज्यान गुमाउनेहरूको संख्या घटेको छ तर विपत्बाट हुने भौतिक सम्पत्तिको क्षतीलाई भने कम गर्न सकिएको छैन। बाढीपूर्वको चेतावनी प्रणालीको प्रभावकारी कार्यान्वयनका कारण हामीले मानवीय क्षति कम गरेका छौँ। भूकम्पबाहेकका मौसमजन्य प्राकृतिक विपत्बाट हुने क्षतिलाई प्रभावकारी पूर्वतयारीले कम गर्न सकिन्छ। फागुनदेखि जेठसम्म आगलागी, चट्याङ तथा हावाहुरी, असारदेखि असोजसम्म बाढी, पहिरो, डुबान र कात्तिकदेखि माघसम्म शीतलहर जस्ता विपत् देखापर्ने गर्छन्। विपत्का प्रकृति अनुसारका पूर्वतयारी गर्ने हो भने विपत्बाट हुने मानवीय र भौतिक क्षतीलाई कम गर्न सक्छौं।

**कानुन धेरै, कार्यान्वयन कम**

प्रधानमन्त्री केपी शर्मा ओलीले साउन २२ गते प्रतिनिधि सभाको राज्य व्यवस्था समितिमा भन्नु भएको थियो, 'ऐन कार्यान्वयन प्रभावकारी हुनु पर्छ। दराजमा सुन राखेर सुहायो कि सुहाएन भनेर हुन्छ ? कानुन कार्यान्वयन नगर्ने हो भने पुस्तक हुन्छ। हामीले पुस्तक लेखेको होइन।' विपत् व्यवस्थापनका लागि बनेका ऐन र संस्थागत संरचनाको सञ्जाल हेर्दा नेपाल विश्वकै उत्कृष्ट मुलुकमा पर्छ। विपत् जोखिम न्यूनीकरणका लागि ऐन, नीति, निर्देशिका र कार्यनीतिहरू प्रशस्त छन् तर प्रभावकाकरी कार्यान्वयन छैन।

विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनबमोजिम राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्थापना गरिएको छ। प्रधानमन्त्रीको अध्यक्षतामा विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् छ भने गृहमन्त्रीको अध्यक्षतामा विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति छ। त्यसै गरी प्रदेशस्तरमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपत् व्यवस्थापन समिति रहेका छन्। सरोकारवाला मन्त्रालयहरूमा छुट्टै विपत् व्यवस्थापन महाशाखाहरू छन्।

जिल्लाहरूमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपत् व्यवस्थापन समिति र गाउँ/नगर कार्यपालिकाका अध्यक्ष/प्रमुखको अध्यक्षतामा स्थानीय विपत् व्यवस्थापन समिति छन्। ७५३ वटै स्थानीय तहमा आपत्कालीन केन्द्र छन् तर अधिकांशमा कर्मचारी छैनन्। आपत्कालीन कार्य सञ्चालन केन्द्रहरू सुरक्षा निकायका कर्मचारीकै भरमा चलेका छन्। प्रदेशका विपत् व्यवस्थापन कोषमा पैसा थुप्रिएको छ, प्रभावितले पाएका छैनन्। अवस्था बुझ्नका लागि जाजरकोटको भूकम्प र मेलम्ची बाढीका प्रभावितको विवरण मात्रै हेरे पुग्छ।

**प्राथमिकतामा छैन पूर्वतयारी**

विश्वमा सबैभन्दा धेरै प्रकृतिक प्रकोप हुने मुलुकहरूको सूचीमा नेपाल २०औं मा पर्छ। जलवायुजन्य विपत्मा चौथोमा पर्छ। नेपालमा हुने धेरै विपत् जलवायुजन्य विपत्को रूपमा देखापर्दै आएका छन् र यस्ता विपत्बाट सबैभन्दा बढी कृषक र सीमान्तकृत समुदाय प्रभावित हुने गरेका छन्। वार्षिक क्यालेन्डर नै बनाएर विपत्को प्रकृतिअनुसार पूर्वतयारी गर्न सकिन्छ, तर क्यालेन्डर अनुसार बैठक बस्दैन। बाढीको पूर्वतयारीका लागि जेठमा बैठक बस्नुपर्ने हो तर बाढीले बितन्डा मच्चाइसकेपछि आकस्मिक बैठक बस्ने गरिन्छ। स्थानीय तहमा तारजाली, ढुङ्गा, बोरा पनि स्टक हुँदैन। उस्तै परे त्रिपाल हेलिकप्टरमा बोक्नुपर्ने अवस्था अहिले पनि छ।

विपत् व्यवस्थापन कोषको पैसा रकमान्तर गरिन्छ, तर पूर्वतयारीमा लगाइँदैन। विकास भनेको बाटो बनाउने, तराईमा डोजर लगाएर ग्राभेल गर्ने, पहाडमा बाटो खन्ने भन्ने मात्रै बुझिएको छ। विकासलाई विपत् व्यवस्थापन जोखिम न्यूनीकरणमैत्री बनाउनेमा ध्यान पुगेको छैन।

विज्ञहरूको भनाई उद्धृत गर्दै सञ्चार माध्यमले मौसम पूर्वानुमानका समाचारलाई प्राथमिकता दिइरहेका थिए, तर विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको मूल कार्यभार लिएको प्राधिकरण असार २२ गते बाढी सहर पसेपछि बिउँझियो। असार २१ गते रातिदेखिको भारी वर्षाका कारण बागमती, लुम्बिनी प्रदेशलगायतमा बाढीका कारण २२ गते बिहानसम्म कैयौँ गाउँ डुबानमा परे। २२ गते दिउँसोसम्म सशस्त्र प्रहरी बलका उद्धारकले २७० भन्दा बढीको सकुशल उद्धार गरी सुरक्षित स्थानमा ल्याएका थिए। प्राधिकरणले २२ गते दिउँसो आफ्नो वेबसाइटमा पूर्वसूचना प्रणालीको जनचेतनामूलक लोकगीत अपलोड गऱ्यो। यसले बाढीपूर्वको सूचना कतिबेला दिने ? पूर्वतयारी कति अगाडि गर्ने र विपत् प्रतिकार्य सञ्चालनमा जिम्मेवार निकाय गम्भीर नभएको स्पष्ट हुन्छ। सामाजिक सञ्जालमा सूचना आएपछि, बस्तीभित्र पानी पसेपछि र पहिरोले गाउँ नै बगाएपछि प्राधिकरणले सतर्कताको सूचना निकाल्ने गरेको छ। प्राधिकरणको वेबसाइट निरन्तर अनुगमन गर्ने हो भने उसको सूचनाको गति सहजै आकलन गर्न सकिन्छ।

**विपत् व्यवस्थापनमा संरचना**

मुलुकमा आइपर्ने जुनसुकै प्रकारको विपत् होस् अग्रपङ्क्तिमा रहेर उद्धार कार्यमा खटिँदै आएको सशस्त्र प्रहरी बलसँग अहिले कुरिनटार र पर्वतीय उद्धार तालिम शिक्षालय गरी दुई वटा तालिम केन्द्र छन्। प्रदेशगत आठ वटा बाहिनीस्तरीय विपत् व्यवस्थापन टिम, काठमाडौँमा एउटा विपत् व्यवस्थापन गण, नौ वटा विपत् व्यवस्थापन वेसहरू र चितवनको नारायणी पुल र कास्कीको फेवातालमा दुई वटा रेस्क्यु टावर छन् भने गोताखोर तालिम प्राप्त जनशक्तिलाई देशभरका १० जोखिमयुक्त स्थानमा राखिएका छन्। कुरिनटार शिक्षालयले स्थापनाको १३ वर्षमा विभिन्न विपत्का विशिष्टिकृत तालिम प्राप्त तीन हजार पाँच सयभन्दा बढी दक्ष विपत् उद्धारक जनशक्ति उत्पादन गरेको छ। त्यसैगरी केही स्थानीय तह, नेपाल प्रहरी र सङ्घ संस्थालगायतका एक हजार ४३४ जनाले विभिन्न २९ विधाका विपत् प्रतिकार्य तालिम लिएका छन्।

आन्तरिकबाहेक ३० जनालाई दैनिक तालिम प्रदान गर्ने क्षमता शिक्षालयसँग छ। यसलाई राष्ट्रियस्तरको शिक्षालयको रूपमा स्तरोन्नति गरी दक्षिण एसियाको मापदण्ड अनुरूप विपत्सम्बन्धी अनुसन्धान र तालिम केन्द्रको रूपमा विकास गर्न सक्ने हो भने यसले नेपाल जस्तो बहुप्रकोपीय जोखिमयुक्त मुलुकले विपत्कै कारण ठूलो जनधनको क्षती हुनलाई रोक्न सक्छ। शिक्षालयमार्फत् वडास्तरमा युवा स्वयंसेवक उत्पादन गर्ने हो भने विपत् प्रतिकार्यमा स्थानीय समुदायलाई नै सहभागी गराउन सकिन्छ। प्रत्येक स्थानीय तहमा तालिम प्राप्त युवा स्वयंसेवक समूह बनाउन सकियो भने विपत् व्यवस्थापनमा नेपालले ठूलो फड्को मार्ने देखिन्छ। हाल नौ स्थानमा रहेको विपत् व्यवस्थापन वेसलाई विस्तार गरी २५ स्थानमा राख्न सक्ने हो भने नेपालको लगभग सबै स्थानमा विपत् प्रतिकार्य क्षमतालाई प्रभावकारी बनाउन सकिन्छ।

त्यसै गरी, मुगु, डोल्पा, हुम्ला, जुम्लालगायत जिल्लामा यार्सागुम्बा सङ्कलनका क्रममा हुन सक्ने विपत्मा खोज तथा उद्धारका लागि हाई अल्टिच्युट रेस्क्यु वेस स्थापना अपरिहार्य छ। पर्यटक बढी आवातजावत हुने भनी पहिचान भएका अन्य ११ स्थानमा पर्वतीय उद्धार केन्द्र स्थापना गर्नु जरुरी छ। मनाङमा रहेको पर्वतीय शिक्षालयले महिनामा ३० जनालाई पर्वतीय उद्धारसम्बन्धी तालिम दिने क्षमता राख्छ। हाल पर्वतीय उद्धारमा १८२ जना दक्ष जनशक्ति छन्। यसलाई बढाउन सकियो भने उच्च हिमाली क्षेत्रमा गरिने उद्धारका कार्य पनि प्रभावकारी हुने छ।

**सधैँ परनिर्भरता**

विपत् व्यवस्थापनका लागि स्थायी संरचना भए पनि हामी सधैँ गुहार माग्ने अग्रसर भएको देखिन्छ। आफ्नै क्षमतामाथि विश्वास गर्न नसकेको उदाहरणको रूपमा चितवनको सिमलताल घटनालाई लिन सकिन्छ। असार २८ गते बिहान घटना भएकै दिन सशस्त्र प्रहरी बलका ५२ जना उद्धारक (गोताखोर) बस खसेकै स्थानबाट त्रिशूलीमा पसेर खोजी अभियान सुरु गरेका थिए। त्रिशूली नदीमा पानीको सतह बढेसँगै पानीमा प्रवाह हुने करेन्ट तह निकै उच्च थियो। बस खसेकै स्थानबाट उद्धारकहरू त्रिशूलीमा पस्नु अत्यन्तै जोखिमपूर्ण कार्य थियो। आफ्नै संरचना र जनशक्तिमाथि न त सरकारलाई विश्वास लाग्यो न जनतालाई। भारतबाट नेसनल डिजास्टर रेस्पोन्स फोर्सका खोज तथा १२ जना उद्धारकर्ता ल्याइयो। उनीहरूले खोजका लागि प्रयोग हुने चुम्बक, सोनारलगायत केही उपकरण तथा प्रविधि पनि ल्याए जुन नेपालसँग थिएन तर पनि अन्ततः उनीहरूको तुलनामा सशस्त्रकै उद्धारहहरू उत्कृष्ट ठहरिए। त्रिशूलीमा पानीको सतह घटेपछि पनि उनीहरूले बस खसेकै स्थानमा खोजी कार्य सञ्चालन गर्न सकेनन्। यो घटनाले स्रोतसाधनको उचित व्यवस्था भए सशस्त्र प्रहरी बल, नेपालद्वारा गरिने खोज तथा उद्धारलाई नै अझैं प्रभावकारी रूपमा सञ्चालन गर्न सकिन्छ भन्ने प्रमाणित गरेको छ। यो दुर्घटनाले विपत् व्यवस्थापन कार्यको जटिलतालाई पुनः एक पटक पुनरवलोकन गर्न र पूर्वतयारीलाई प्रविधियुक्त बनाउन पनि दबाब दिएको छ।

**जनशक्ति अब्बल हुन सक्छ**

२०६९ सालअघि नदी तथा तालमा गरिने खोजी कार्यका लागि विदेशी मुलुकबाट गोताखोर झिकाउनु पर्थ्यो। २०६९ सालमा युएनडिपीको सहयोगमा सशस्त्र प्रहरी बलका २५ जनालाई बङ्गलादेशमा गोताखोर तालिम लिन पठाइयो। सङ्गठनले १० वर्षमा तिनै २५ जनाबाट ११० जना दक्ष जनशक्ति तयार गरिसकेको छ। अहिले उच्च जोखिमयुक्त १० स्थानमा यी जनशक्ति परिचालित छन्। अहिले देशभित्रै गोताखोर तालिम दिन सक्ने क्षमता सशस्त्रले राखेको छ।

पानीजन्य विपत् खोज तथा उद्धारमा आवश्यक उपकरण रिमोट्ली अपरेटेड भेइकल, अन्डर वाटर डोन, अन्डर वाटर मेटल डिटेक्टर, सोनार डिभाइसलगायत स्पिड बोटहरूको व्यवस्था गर्न सक्ने हो भने नेपाली जनशक्ति (सशस्त्र प्रहरी बलका गोताखोर) ले पानीजन्य विपत्मा खोज तथा उद्धारमा उदाहरणीय रेकर्ड राख्न सक्छन्। आवश्यक प्राविधिक सामग्री एवं भौतिक पूर्वाधारको व्यवस्था हुने हो भने हाम्रा गोताखोर दक्षिण एसियामा नै उत्कृष्ट कहलिन सक्छन्।

**तथ्यांक विश्लेषण र स्थानीय सरकार**

मौसमजन्य विपत् तुलनात्मक रूपमा सहरी क्षेत्रभन्दा दुर्गममा हुने र यसबाट गरिब र सीमान्तकृत वर्ग नै बढी प्रभावित हुन्छन्। स्थानीय सरकारले त्यस क्षेत्रको भूगोल, परिवेश र जनतालाई नजिकबाट चिनेको हुन्छ। यसले विपत् व्यवस्थापनमा महत्वपूर्ण अर्थ राख्छ। स्थानीय सरकारले आफ्नो सीमित स्रोतसाधनबाट पनि भूगोलजन्य विपत्को पूर्वतयारीका काम प्रभावकारी रूपमा सञ्चालन गर्न सक्छन्। व्यवस्थित पूर्वतयारीले विपत्ले निम्त्याउने जोखिम कम गरी जनधन जोगाउन सक्छ, तर यस विषयमा स्थानीय सरकार बेखबर छन्। विपत् आइसकेपछि राहत उद्धारमा तदारुकता देखाउने स्थानीय सरकारले पूर्वतयारीमा नै समय दिने हो भने धेरै विपत् सघन रूपमा व्यवस्थापन गर्न सकिन्छ।

विपत्जन्य घटनाको मानवीय र भौतिक क्षतिको तथ्याङ्क राख्ने गरिए पनि विपत्को प्रकृतिजन्य अवस्थाको तथ्याङ्क छैन। नेपालका महत्वपूर्ण जलाधार क्षेत्रहरूमा हरेक मौसममा अनपेक्षित परिवर्तन भइरहेको छ। पर्वतीय क्षेत्र र वन क्षेत्रमा भइरहेको परिर्वतन तथा त्यसको आधार इलाकामा मानवीय दखल अन्दाजीले निम्त्याउने जोखिमको सूचना सम्बन्धित निकायमा छैन। यस्तै चुरे हुँदै तराईतिर बग्ने नदीहरूले धार परिवर्तन गर्दा बर्सेनि हुने क्षतिको पूर्वआँकलन पनि गर्न सकिएको छैन। अध्ययनको निष्कर्षको आधारमा योजना तर्जुमा गर्ने हो भने विपत् व्यवस्थापन सहज हुने देखिन्छ।

गोपबाट

## टिप्स/जानकारी

# उच्च कोलेस्टेरोलको रोकथाम र व्यवस्थापन

कोलेस्टेरोल र ट्राइग्लिसेराइडहरू त्यस्ता चिल्लोयुक्त तत्वहरू हुन् जुन रक्तनलीहरूमा जम्मा हुन्छन् र नलीलाई बन्द गरिदिन्छन्। उच्च कोलेस्टेरोल भनेको यदि रगतमा चिल्लोपना ५.० एमएमओएल/एल वा १९० एमजी/डिएल वा सोभन्दा बढी हुनु भन्ने बुझिन्छ। कोलेस्टेरोलहरू राम्रो प्रकारको र नराम्रो प्रकारको हुन सक्छन्। यसमध्ये नराम्रो (एलडीएल) चाहिँ यस्तो प्रकारको कोलेस्टेरोल हो जसले शरीरलाई हानि गर्दछ।

मानिसको रगतमा चिल्लोयुक्त तत्वहरूको मात्रा शारीरिक तौल वा मोटोपना बढी हुँदा, मधुमेह, नियमित मदिरापान गर्नाले, मिर्गौला वा कलेजो सम्बन्धी रोग भएमा र थाइरोइडसम्बन्धी रोगका कारणले बढ्ने गर्दछ। गर्भनिरोधका लागि खाने चक्की पिल्स, स्टेरियोड र बेटा ब्लकर जस्ता केही औषधिहरूको सेवनले पनि रगतमा चिल्लोयुक्त तत्वहरूको मात्रा बढाउने गर्दछ।

धेरै बोसोयुक्त खानाको सेवन र विलासी जीवनशैलीले शरीरमा बोसो बढाउन ठूलो योगदान गर्छ। धूम्रपानले राम्रो कोलेस्टेरोललाई घटाउने गर्दछ। केही बिरामीहरूमा वंशाणुगत रोगहरू हुने गर्दछ जसले गर्दा शरीरमा रहेका बोसो/चिल्लो पदार्थहरू अनुचित तवरबाट उत्पादन हुने र परिणाम स्वरूप ती पदार्थहरू थुप्रिने गर्दछन्। त्यस्ता बिरामीहरूमा कम उमेरमै चिल्लोयुक्त तत्वहरू उच्च स्तरमा हुने गरेको पाइन्छ। सामान्यतया त्यस्ता बिरामीका परिवारको इतिहासलाई केलाउने हो भने सोही किसिमको समस्या भएको पाउन सकिन्छ।



उच्च कोलेस्टेरोलका कारण मुटु सम्बन्धी रोग (कोरोनरी रक्तनली रोग), उच्च रक्तचाप, मस्तिष्क घात (मस्तिष्कमा हानि वा पक्षघात) र प्यानक्राइटाइटिस हुन सक्छ। जीवनशैली परिवर्तन गर्नुका साथै चिकित्सकको सल्लाह बमोजिम औषधि सेवन गरेमा यसले रगतमा चिल्लोयुक्त तत्वहरूको स्तर घटाउन मद्दत गर्दछ र साथै मृत्यु निम्त्याउने खालका रोगको विकास हुन सक्ने जोखिमबाट बचाउँछ।

**तपाईंले उच्च कोलेस्टेरोलको रोकथाम र व्यवस्थापन कसरी गर्न सक्नुहुन्छ ?**

आफ्नो जीवनशैलीलाई परिवर्तन गर्नुहोस्ः

सन्तुलित आहारमा बढी जोड दिने र आफ्नो स्वस्थ तौललाई ठिक्क अवस्थामा कायम राख्ने।

फलफूल, सागसब्जी र दूधबाट उत्पादित चिल्लो कम भएका सामग्रीहरूको उपभोग प्रशस्त मात्रामा गर्ने। खानापकाउन अनस्याचुरेटेड तेलको प्रयोग गर्ने।

मांसाहारीहरूले रातो मासु (जस्तैः खसीको मासु) नखाने र यसको सट्टा सेतो मासु (जस्तैः कुखुरा, माछा) खाने गर्नुपर्दछ।

नियमित शारीरिक व्यायाम गर्ने (हप्ताको कम्तिमा पाँच दिनसम्म हरेक दिन छिटो हिँड्ने, दौडिने, कम से कम ३० मिनेट पौडी खेल्ने)

धुम्रपान नगर्ने र अत्यधिक मात्रामा रक्सी सेवन नगर्ने।

तपाईंको शरीरमा भएको चिल्लोयुक्त तत्वहरुको अव्यवस्था (ब्याड कोलेस्टेरोल बढ्नु वा गुड कोलेस्टेरोल घट्नु) को प्रकृति अनुसार उच्च कोलेस्टेरोल स्तरलाई घटाउन उपचारका लागि विभिन्न किसिमका औषधिहरू पाइन्छन्।

नियमित रूपमा दिनु औषधि सेवन गर्ने। अन्यथा ती औषधिहरू लाभदायी हुने छैनन्। आफ्नो चिल्लोयुक्त तत्वहरूको स्तरको जाँच नियमित रूपमा गराउनुहोस्। यदि औषधिको कारण केही प्रतिकूल असर भएमा आफ्नो चिकित्सकसँग सम्पर्क गर्नुहोस्।

*स्वास्थ्यखबरबाट*

# राप्ती खानेपानी आयोजना सञ्चालनमा ढिलाइ

राँझा (बाँके) । नेपालगञ्जमा खानेपानी समस्या समाधान गर्न सुरु गरिएको राप्ती खानेपानी आयोजना सञ्चालनमा ढिलाइ भएको छ ।

आर्थिक वर्ष २०७४/७५ बाट आयोजना निर्माणको काम अगाडि बढाइएको थियो । आयोजना सुरु भएको सात वर्ष भए पनि कामले गति लिन सकेको छैन । अहिलेसम्म पहिलो चरणको काम सकेर दोस्रो चरणको काम सुरु गर्न लागिएको खानेपानी संस्थान नेपालगञ्जका प्रमुख हरिकुमार श्रेष्ठले बताए ।

बाँकेको डुडुवा गाउँपालिका-५ कम्दीस्थित राप्ती नदीबाट दैनिक दुई करोड ५० लाख लिटर पानी उत्पादन गर्ने लक्ष्यसहित खानेपानी संस्थानले उक्त आयोजना निर्माण कार्य सुरु गरेको थियो । कुल रु ३३ करोडको लागतमा सम्पन्न हुने भनिएको आयोजनाअन्तर्गत राप्ती नदीदेखि नेपालगञ्जसम्म 'डिआइ' पाइप बिछ्याइएको छ ।

कार्यालय प्रमुख श्रेष्ठले अहिले राप्ती नदी किनारको जग्गा विवादका कारण काम अगाडि बढ्न नसकेको जानकारी दिए । पानीको मुहान क्षेत्रमा व्यक्तिको जग्गा परेपछि जग्गा धनीले अदालतमा मुद्दा हालेको र करिब १५ कठ्ठा जति जमिन किन्नुपर्ने अवस्था देखिएको उनको भनाइ छ । खानेपानी आयोजनाको काम अहिलेसम्म करिब ८५ प्रतिशतभन्दा बढी सम्पन्न भइसकेको संस्थानले जनाएको छ ।

पाइप लाइनका लागि कम्दीस्थित डुडुवा खोलामा 'ट्रष्ट ब्रीज' निर्माण गरिएको छ । हरेक वर्ष चैत, बैशाख र जेठमा नेपालगञ्जका अधिकांश ठाउँमा पानीको सतह घट्ने समस्या बल्झिदै आएको छ । उपमहानगरका अधिकांश स्थानमा पनि सर्वसाधारणले गाडेका हेण्डपम्प सुक्ने समस्या देखिएको संस्थानका सूचना अधिकारी बुद्धिप्रकाश केसीले बताए ।

उनका अनुसार आयोजना सम्पन्न भएपछि नेपालगञ्जवासी खानेपानी समस्याबाट मुक्त हुनेछन् । आयोजनाअन्तर्गत राप्ती नदीमा 'सम्प वयल' बनाइएको छ । सम्प वयलमा हाल दुई थान पम्प जडान गरिएको छ । हाल दैनिक ७० लाख लिटर पानी उत्पादन गरिरहेको संस्थानसँग नेपालगञ्ज क्षेत्रमा अहिले करिब पाँच हजार उपभोक्ता आबद्ध छन् । राप्ती नदीबाट पानी आएपछि नेपालगञ्ज क्षेत्रमा खानेपानी पर्याप्त हुने सूचना अधिकारी केसीको भनाइ छ ।

नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले राप्ती खानेपानी आयोजना सम्पन्न गर्न आफू नेतृत्वमा आएपछि आवश्यक सहजीकरण गर्दै आइरहेको बताए ।

"हामी उप-महानगरपालिकामा आइसकेपछि खानेपानी पाइप गाड्दा हुने क्षतिलाई कम गरेर भए पनि आवश्यक सहजीकरण गरेका छौँ", उनले भने-"राप्ती खानेपानी आयोजना नेपालगञ्जवासीका लागि धेरै महत्वपूर्ण रहेकाले सबैलेआवश्यक सहयोग गर्न लाग्नु पर्दछ ।" रासस

# लोक संस्कृति नेपाली समाजको सम्पति होः तिवारी

स्याङ्जा । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल जिल्ला कार्य समिति स्याङ्जाले २३औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ । प्रतिष्ठानले सम्मान तथा विविध सांस्कृतिक कार्यक्रमसहित आफ्नो २३औं वार्षिक साधारणसभा शनिबार वालिङमा सम्पन्न गरेको हो ।कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेश सांसद कल्पना तिवारीले लोक दोहोरीले नेपाली समाजको सम्पति भएको बताइन् । यसलाई जीवन्तता दिन सरकारले चासो दिनुपर्ने धारणा सांसद तिवारीको थियो ।

'लोक कलामा हाम्रो जीवन बोलेको हुन्छ,' सांसद तिवारीले भनिन्-'हरेक नागरिकको मनमा लोकगीत संगित अझैं विद्यमान रहेको छ, यस्ता कार्यक्रमहरु नव प्रतिभाहरुका लागि राम्रो अवसर भएकाले सोही अनुसार हामीले उपयोग गर्दै जानुपर्छ ।'

'राज्य भनेको अभिभावक हो,' सांसद तिवारीले भनिन्-'राज्यमा हामी फूल्न र खुल्न पाउनुपर्छ, लोक संस्कृतिलाई जोगाउने र बचाउने दायित्व हाम्रो काँधमा आएको छ ।' महिलाहरुका लागि पहिला गायन क्षेत्रमा निकै समस्या र चुनौति रहेको उल्लेख गर्दै सांसद तिवारीले देशमा लोकतन्त्र आएपछि केही सहज हुँदै आएको बताइन् । अझैं पनि समाजमा महिलाहरु खुल्न नसकेको उल्लेख गर्दै तिवारीले सामाजिक संघ संस्थाकासाथै यस्ता कार्यक्रमहरुमा सहभागी भएर अगाडि बढ्न आग्रह गरिन् ।

हाम्रो घर आँगनमा आइरहेको तीज पर्वलाई सुसंस्कृत र मर्यादितरुपमा मनाउनुपर्नेमा उनले जोड दिइन । तीजले नारीहरुको सुख दुःखको भोगाई बोल्ने सामाजिक परम्परालाई आत्मसाथ गर्दै मनाउनुपर्ने भन्दै गण्डकी प्रदेश सांसद तिवारीले भड्किलो होइन, आफ्नो परम्परागत मर्यादा कायम हुनेगरी मनाउन अनुरोध गरिन् ।

"हाम्रो अभियान लोक संस्कृतिको संरक्षण, स्रष्टाको सम्मान, नव प्रतिभाको प्रोत्साहन" भन्ने मूल नारासहित प्रतिष्ठानको २३औं वार्षिक साधारणसभा कार्यक्रममा गायनसँगै आकर्षक नृत्य प्रस्तुत गरिएको थियो । प्रतिष्ठानको केन्द्रीय समितिको निर्णयअनुसार भदौ ८ गते एकैदिन देशभरका जिल्ला कार्य समिति र सो सरहका समितिहरुको वार्षिक साधारणसभा गर्ने कार्यक्रम अनुसार स्याङ्जाले पनि आफ्नो २३औं वार्षिक साधारणसभा सम्पन्न गरेको हो ।


## KAWASOTI MUNICIPALITY
### OFFICE OF THE MUNICIPAL EXECUTIVE
### GANDAKI PROVINCE, NEPAL

## Invitation for Bids

**Date of Publication: 2081/05/09**

Kawasoti Municipality, Nawalparasi (East) invites electronic bids for the followingconstruction works under National Competitive Bidding (NCB).

| S.N. | Contract Nos. and Title. | Brief Description of Works | Engineers' Estimate (excluding VAT and contingency) in (NRS) | Last Date & Time of Bid Submission | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|
| 1 | 02/KM/ NCB/2081/82 | Ring Road Upgrading work at Kawasoti-1 | 4,309,701.90 | 2081/06/08, BS) Upto 12Hr | 120 days | 1,30,000 | 3000.00 |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile:9843500711, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Chief Executive Officer**


# मौरी जोनले चितवनका कृषक उत्साहित

नारायणगढ (चितवन) । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाइ भरतपुरले चितवनलाई मौरी जोनका रुपमा विकास गरेसँगै यहाँका मौरीपालक किसान थप उत्साहित भएका छन् । जोन कार्यक्रममार्फत किसानलाई मौरीको घार, मह काढ्ने मेसिन, मैन बाक्सालगायतका सामग्री प्रदान हुँदा किसानलाई ऊर्जा थप्ने काम भएको छ ।

खैरहनी नगरपालिका-४ की सरस्वती गिरी विगत पाँच वर्षदेखि मौरीपालन पेसामा छिन् । उनले ५० वटा घारबाट मौरीपालन सुरु गरेकी थिइन । "व्यवसायकै क्रममा चरनमा लैजाने क्रममा मौरीलाई विष प्रयोग गरी मारियो, कुनै समय ९० वटा घार बनाएकी थिएँ, तर अहिले २५ वटामा सीमित छ । घार अझैं थप गर्ने योजनामा छु ।"-उनले भनिन् । मौरी जोन कार्यक्रमले आफूहरुमा उत्साह थपेको उनले बताइन ।

भरतपुर महानगरपालिका-११ का दामोदर देवकोटा विगत १२ वर्षदेखि मौरीपालन व्यवसाय गर्दै आएका छन् । उनी मौरी जोनमा जोडिएपछि थप उत्साह मिलेको बताउँछन् । उनले भने- "पहिला एक सय घार मौरी थिए । अहिले यो बढाएर एक सय ३५ घार पुऱ्याएको छु ।" मौरी जोनमा जोडिएका कृषकलाई हरेक वर्ष कुनै न कुनै कार्यक्रम जोड्ने हुँदा आफूहरुमा उत्साह थपिएको देवकोटाले बताए ।

स्थानीयस्तरमा उत्पादित महको मूल्य र भारतबाट आयातित महको मूल्यमा अन्तर रहेकाले बजारीकरणमा केही समस्या देखिए पनि प्राविधिक विषयमा जोन कार्यक्रमको सहयोगले सहज भएको उनको भनाइ छ । बजारमा यहाँको उत्पादन उधारोमा पठाउनुपर्ने बाध्यता रहेको देवकोटाले बताए ।

जोन कार्यक्रममा जिल्लाका एक सय २७ जना कृषक सहभागी छन् । जिल्लामा आर्थिक वर्ष २०७५/७६ वटा मौरी जोनको कार्यक्रम सुरु भएको हो । कार्यालयका सूचना अधिकारी इन्द्र शर्मा ढुङ्गानाले भरतपुर महानगरपालिका, रत्ननगर नगरपालिका, खैरहनी नगरपालिका, कालिका नगरपालिका र राप्ती नगरपालिकाका किसान यो कार्यक्रममा जोडिएको बताए ।

ढुङ्गानाका अनुसार जोन कार्यक्रमको सुरुआती समयमा जिल्लामा छ हजार तीन सय ५० मौरीका घार रहेकामा अहिले यो संख्या बढेर ११ हजार नौ सय पुगेको छ । जिल्लाबाट वार्षिक चार सय ४७ मेट्रिकटन मह बाहिर पठाउने गरिएको उनले बताए ।

महको राष्ट्रिय प्रतिघार उत्पादन १६ दशमलव २६ किलो भए पनि जिल्लामा भने उत्पादन बढी हुने गरेको ढुङ्गानाले जानकारी दिए । उनका अनुसार जिल्लामा प्रतिघार २५ दशमलव ६ किलो मह उत्पादन हुँदै आएको छ ।

उनले भने-"जोन कार्यक्रममा जोडिएका किसानलाई हामीले सहयोग गर्दै आएका छौं । उहाँहरुमा उत्साह बढेको छ ।"

यहाँ उत्पादित महको मुख्य बजार चितवनसहित बुटवल, काठमाडौं र पोखरालगायत शहर रहेका छन् । यहाँ मेरीफेरा र सेरेना जातको मौरी पालन भइरहेको छ । जोनबाट वार्षिक तीन सय चार दशमलव ६४ मेट्रिकटन मह उत्पादन हुँदै आएको ढुङ्गानाले जानकारी दिए । रासस


Lumbini Province Government
Ministry of Urban Development and Water Supply
**Urban Development and Building Office**
Tansen, Palpa

## INVITATION FOR BIDS/SEALED QUOTATION

First Date of Publication: 2081/05/09 B.S.

Urban Development and Building Office, Palpa invites E-bids for the construction of following work under NCB/Sealed Quotation Procedures. All other information and Bid document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E- Bid as per instructions within the mentioned period in Bid Documents.

| S. N. | Contract ID: | Work Description | Estimate Amount (Excluding VAT & Contengency) NRs | Bid Security Amount NRs. | Bid Fee NRs. |
|---|---|---|---|---|---|
| 1 | UDBOP-NCB-081/82-01 | Construction of Integrated Infrastructure at Dovan-Jhumsa Tinau-3, Palpa | 3423871.45 | 85500 | 3000 |
| 2 | UDBOP-NCB-081/82-02 | Construction of Integrated Infrastructure at Harthok-Batase Ribdikot RM-7, Palpa | 3423290.94 | 85500 | 3000 |
| 3 | UDBOP-NCB-081/82-03 | Road Upgrading & Side Drain Construction Work at Thulolaskare-Byas Buspark, Rampur-4, Palpa | 2568591.61 | 64000 | 3000 |
| 4 | UDBOP-NCB-081/82-04 | Settle Development Work at Nayagau Maidan to ward office Dhurkot-1, Gulmi | 2140798.81 | 53000 | 3000 |
| 5 | UDBOP-NCB-081/82-05 | Settle Development Work at Wangla Chautara Afra Dhurkot Tole Dhurkot-7, Gulmi | 2140822.75 | 53000 | 3000 |
| 6 | UDBOP-NCB-081/82-06 | Settle Development Work at Kalikaisthan Dhurkot-4, Gulmi | 2140318.3 | 53000 | 3000 |
| 7 | UDBOP-NCB-081/82-07 | Settle Development Work at Gaire tole Satyawati-6, Gulmi | 4278566.67 | 107000 | 3000 |
| 8 | UDBOP-NCB-081/82-08 | Settle Development Work at Charchare-Marangkot Jantilung Tinau-5, Palpa | 2140957.41 | 53500 | 3000 |
| 9 | UDBOP-NCB-081/82-09 | Urban Infrastructure Development at Pipaldhara Health Post to Ganesh Ma.vi Dhurkot-2, Gulmi | 2568389.08 | 64000 | 3000 |
| 10 | UDBOP-SQ-081/82-10 | Settle Development Work at Bharek Siddhababa RuRukshetra-2 Gwadi, Gulmi | 1709548.96 | 42500 | 1000 |
| 11 | UDBOP-SQ-081/82-11 | Settle Development Work at Sichas Rithekhola road Bagnaskali-3, Palpa | 1282541.86 | 32000 | 1000 |
| 12 | UDBOP-SQ-081/82-12 | Interlock Block Paving Work at Santipur Bazar chandrkot-3, Gulmi | 1281872.44 | 32000 | 1000 |
| 13 | UDBOP-SQ-081/82-13 | Urban Infrastructure Development Work at Chhapthok Chaunbari Tansen-5, Palpa | 1708127.89 | 42500 | 1000 |
| 14 | UDBOP-SQ-081/82-14 | Construction of Drain at Shiwalaya Marga Rampur-7, Palpa | 1709467.66 | 42500 | 1000 |
| 15 | UDBOP-SQ-081/82-15 | Construction of Drain at Daha Sibung Resunga-10, Gulmi | 1282432.15 | 32000 | 1000 |
| 16 | UDBOP-SQ-081/82-16 | Integrated Infrastructure Development Work at Bhuwachidi Tallo Bajar Musikot-6,Gulmi | 1709552.21 | 42500 | 1000 |
| 17 | UDBOP-SQ-081/ 82-17 | Urban Infrastructure Development work at Chhaptola to Deurali Resunga-8 , Gulmi | 1709589.81 | 42500 | 1000 |
| 18 | UDBOP-SQ-081/82-18 | Urban Infrastructure Development work at Thulapokhara Maidan Musikot-3 , Gulmi | 1709372.01 | 42500 | 1000 |
| 19 | UDBOP-SQ-081/82-19 | Urban Infrastructure Development work at Bhuwachidi Gundhara Gurjhang Musikot-6, Gulmi | 1709928.52 | 42500 | 1000 |
| 20 | UDBOP-SQ-081/82-20 | Urban Infrastructure Development work at Srijana Pra Bi to Bhagawati Tole Resunga-7, Gulmi | 1709676.54 | 42500 | 1000 |
| 21 | UDBOP-SQ-081/82-21 | Construction of Drain at Pulchowk Resunga-8 , Gulmi | 1709369.62 | 42500 | 1000 |
| 22 | UDBOP-SQ-081/82-22 | Road Upgrading Work at Moharano to Dialysis Center Tansen-5, Palpa | 1282224.14 | 32000 | 1000 |
| 23 | UDBOP-SQ-081/82-23 | Urban Infrastructure Development work at Aampokhara Lamakharka Jhamadi RuRukshetra-3 4 , Gulmi | 1709982.16 | 42500 | 1000 |
| 24 | UDBOP-SQ-081/82-24 | Infrastructure Development Work at Pulakamukh Salbot Ishma-6, Gulmi | 1709717.45 | 42500 | 1000 |
| 25 | UDBOP-SQ-081/82-25 | Integrated Infrastructure Development Work at Birat Chowk to Aasha Apanga Kendra Resunga-2, Gulmi | 1709767.32 | 42500 | 1000 |
| 26 | UDBOP-SQ-081/82-26 | Urban Infrastructure Development work from Chandikastan to Pravash Tansen-7, Palpa | 1282512.53 | 32000 | 1000 |
| 27 | UDBOP-SQ-081/82-27 | Settle development work at Gaptung Suntari Nayar Bagnaskali-1, Palpa | 1282208.40 | 32000 | 1000 |

**Office Chief**



### त्रिभुवन विश्वविद्यालय
### कृषि र पशु विज्ञान अध्ययन संस्थान
### पक्लिहवा क्याम्पस, भैरहवा, नेपाल

## शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१।०५।०७**

यस पक्लिहवा क्याम्पसका लागि तपसिलमा उल्लेख भए अनुसारको कार्य, नेपाल सरकारको इजाजत प्राप्त भ्याटमा दर्ता भएको सम्बन्धित कामको अनुभवी नेपाली फर्मबाट गराउनु पर्ने भएकोले उल्लेखित शर्तहरुको अधीनमा रही शिलबन्दी दरभाउपत्र फाराम दाखिला गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१. शिलबन्दी दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्रौं) दिनसम्ममा कार्यालय समयभित्र यस क्याम्पसबाट रु १०००।- नगद (फिर्ता नहुने) बुझाई खरिद गर्न सकिनेछ ।
२. शिलबन्दी दरभाउ फाराम खरिद गर्न फर्मको नवीकरणको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, आ.व. २०७९।०८० को कर चुक्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी निवेदन पेश गर्नुपर्नेछ ।
३. शिलबन्दी दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिउँसो १२:०० बजेसम्ममा यस क्याम्पसमा दर्ता गर्नुपर्नेछ । रीतपूर्वक दर्ता भएको शिलबन्दी दरभाउपत्रहरु सोही दिन दिनको २.०० बजे सम्बन्धित दरभाउपत्रहरुको रोहबरमा (उपस्थित नभए पनि) खोलिनेछ ।
४. शिलबन्दी दरभाउपत्र फाराम दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समयभित्र उपरोक्त समय अनुसार नै हुनेछ ।
५. शिलबन्दी दरभाउपत्र फाराम साथ तपसिलमा तोकिएको रकम धरौटी स्वरुप यस कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड, भैरहवा चल्ती हिसाब नं. ०११००१००४१७७५५००००००१ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिन म्याद भएको वाणिज्य बैंकबाट जारी भएको बैंक ग्यारेन्टीको पत्र (विडबण्ड) संलग्न हुन पर्नेछ । शिलबन्दी दरभाउपत्र पेश गर्दा खाम भित्र धरौटीको रुपमा नगद राखेमा सो दरभाउपत्र स्वतः फिर्ता गरिने छ । दरभाउपत्र स्वीकृति भए पश्चात मात्र धरौटी जम्मा रकम फिर्ता गरिनेछ ।
६. शिलबन्दी दरभाउपत्रदाताले कबोल गरेको दररेट तथा कूल रकम अंक र अक्षरमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । दरभाउपत्रमा दरभाउपत्रदाताको नाम, ठेगाना, दस्तखत र छाप अनिवार्य रुपमा हुनुपर्नेछ ।
७. शिलबन्दी दरभाउपत्र फारामको खाम बाहिर फर्मको नाम, दरभाउपत्र नं. र कार्यको नाम र विवरण स्पष्ट लेख्नुपर्नेछ ।
८. हुलाक, कुरियर्स, इमेल वा फ्याक्सबाट प्राप्त दरभाउपत्रलाई मान्यता दिइने छैन ।
९. शिलबन्दी दरभाउपत्र फाराम आंशिक वा पूर्ण रुपले कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस क्याम्पसमा सुरक्षित रहनेछ ।
१०. स्पेशिफिकेशन (Specification) को हकमा नेपाल विद्युत प्राधिकरणबाट प्रमाणित भएको सामग्री हुनु पर्नेछ ।
११. शिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समयभित्र क्याम्पस प्रशासनमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

| सि.नं. | दरभाउ पत्र नं. | कार्य विवरण | शिलबन्दी दरभाउपत्र जमानत | शिलबन्दी दरभाउपत्र दस्तुर | अनुमानित लागत रकम | किसिम |
|---|---|---|---|---|---|---|
| १. | ०१।२०८१।०८२ | ट्रान्सफर्मर खरिद र जडान कार्य | ४५,०००।- | १,०००।- | १६,०७,१५४। भ्याट बाहेक | दरभाउपत्र |

**क्याम्पस प्रमुख**
**कृषि र पशु विज्ञान अध्ययन संस्थान**
**पक्लिहवा क्याम्पस भैरहवा**



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**चौंसठ्ठी पशुचौपायालाई काञ्जी हाउस लगिँदै**
नेपालगञ्ज उप-महानगरपालिकाले नगरमा छाडा छाडिएका ६४ वटा पशुचौपाया वडा नम्बर २१ विर्तास्थित काञ्जी हाउसमा लगिँदै । तस्विरः राकेशकुमार मिश्र/रासस

# स्वमूल्याङ्कनमा प्रतापपुर गाउँपालिका प्रथम



**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीको प्रतापपुर गाउँपालिका संस्थागत कार्यक्षमता स्वमूल्याङ्कनमा जिल्लामा प्रथम भएको छ। जिल्लामा सात वटा स्थानीय तहमध्ये संस्थागत कार्यक्षमता स्वमूल्याङ्कनमा सबैभन्दा धेरै अंक प्राप्त गरी जिल्लामा प्रतापपुर गाउँपालिका प्रथम भएको हो ।

२०७९/०८०को नतिजा गुणस्तर परीक्षणपश्चात् कायम भएको स्वमूल्याङ्कनको अन्तिम नतिजामा जिल्लास्तर मै स्थानीय संस्थागत क्षमतामा जिल्ला प्रथम भएको गाउँपालिका अध्यक्ष उमेश चन्द्र यादवले जानकारी दिए। उनको अनुसार प्रतापपुर गाउँपलिका स्वमूल्याङ्कनमा ८३.७५ अक ल्याएको र जिल्लामा प्रथम गराउने सबै कमर्चारी, सम्पूर्ण जनप्रतिनधि पदाधिकारीहरुलाई धन्यवाद दिएका छन ।

गाउँपालिकातर्फ स्थानीय संस्थागत क्षमता एवम् स्वमूल्याङ्कनमा सबैभन्दा कम अंक प्राप्त सुस्ता गाउँपालिका गरेको छ। सुस्ताले ५४.२५ अंक प्राप्त गरेको छ भने त्यसपछि पाल्हीनन्दन गाउँपालिको ५६ अंक प्राप्त गरेको छ । सरावल गाउँपालिकाले ७१ अंक प्राप्त गरेको छ। नगरपालिकातर्फ स्थानीय संस्थागत क्षमता एवम् स्वमूल्याङ्कनमा सबैभन्दा कम अंक ल्याउने जिल्लामा पुरानो नगरपालिका रामग्राम नगरपालिका रहेको छ। रामग्राम नगरपालिकाले ६७ अंक मात्रा प्राप्त गरेको छ।

जिल्लाको मुटु केन्द्रको रुपमा रहेको र सबैभन्दा पुरानो नगरपालिका रामग्राम यसरी स्थानीय संस्थागत क्षमता एवम् स्वमूल्याङ्कनमा कमजोर देखिएको छ। सबैभन्दा धेरै अंक ल्याउनेमा सुनवल नगरपालिका रहेको छ । सुनवल नगरपालिकाले ८३.२५ अंक ल्याएको छ। त्यस्तै बर्दघाट नगरपालिकाले ७१.५० अंक ल्याएको छ । यसरी हेर्दा नगरपालिकातर्फ सबैभन्दा धेरै सुनवल नगरपालिकाले ८३.७५ अंक ल्याएको छ।

# नवलपुरमा थपिए दुई सय उद्योग

नवलपुर (नवलपरासी) । आर्थिक वर्ष २०८०/८१ मा नवलपरासी (बर्दघाट-सुस्तापूर्व) मा दुई सय ६ उद्योग थपिएका छन् । जिल्लामा पाँच सय ६८ उद्योगको नवीकरण गरिएको छ ।

पर्यटन तथा उद्योग कार्यालय नवलपुर, नवलपरासी (बर्दघाट-सुस्तापूर्व)का कार्यालय प्रमुख प्रभाकर घिमिरेले नवलपुरमा वन तथा पर्यटन उद्योगसँग सम्बन्धित उद्योग थपिने क्रम बढ्दो रहेको बताए । सोही आवमा जिल्लामा एक सय ४८ उद्योगले लगत कट्टा गरेका थिए । हाल जिल्लामा ६ हजार ६ सय ९१ उद्योग कायम रहेका उनले जानकारी दिए ।

गत आवमा उद्योग दर्ता तथा नवीकरणबाट कार्यालयले रु १९ लाख ८३ हजार राजस्व सङ्कलन गरेको प्रमुख घिमिरेले बताए । यसैगरी, आव २०८०/८१ मा जिल्लामा वाणिज्यतर्फ दुई सय ९८ व्यवसाय दर्ता भएका छन् । सो अवधिमा आठ सय ९९ व्यवसायीले व्यवसाय नवीकरण गर्दा दुई सय ६ व्यवसायको लगत कट्टा गरिएको छ । जिल्लामा गत आवसम्म आठ हजार पाँच सय सात व्यवसाय कायम रहेको उनले जनाए ।

जिल्लामा वाणिज्यसम्बन्धी दर्ता र नवीकरणबाट रु २४ लाख ३२ हजार राजस्व सङ्कलन गरिएको प्रमुख घिमिरेले बताए । हाल १५ हजार एक सय ९८ उद्योग तथा वाणिज्य व्यवसाय सञ्चालन छन् । गत आवमा उद्योग तथा वाणिज्य व्यवसायसम्बन्धी दर्ता तथा नवीकरणको कामबाट रु ४४ लाख १६ हजार राजस्व सङ्कलन गरेको कार्यालयले जनाएको छ ।

# टरीगाउँ विमानस्थल स्तरोन्नतिको माग

बुटवल । प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष दाङका राजनीतिक नेता, सांसद र स्थानीय तहका जनप्रतिनिधि एवं निजी क्षेत्रका प्रतिनिधिले तुलसीपुरको टरीगाउँ विमानस्थल स्तरोन्नतिसहित जिल्लाको समग्र आर्थिक र भौतिक विकासबारे आज ध्यानाकर्षण गराएका छन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार भएको भेटमा नेकपा (एमाले) का महासचिव शंकर पोखरेल, संघीय सांसदहरु दीपक गिरी र मेनका पोखरेल, एमाले केन्द्रीय सदस्य घनश्याम पाण्डे, तुल्सीपुर उप-महानगरपालिकाका प्रमुख टीकाराम खड्का, उप-प्रमुख स्यानी चौधरीलगायतले सो माग प्रस्तुत गरेका हुन् ।

मागपत्र बुझेपछि प्रधानमन्त्री ओलीले उक्त विमानस्थल स्तरोन्नतिका साथै लमही-घोराही-तुल्सीपुर सडक विस्तारका काममा सरकारले ध्यान दिने प्रतिबद्धता व्यक्त गरे ।

# वन मन्त्रालयका १२४ कर्मचारीको सरुवा



दाङ । लुम्बिनी प्रदेशको वन तथा वातावरण मन्त्रालयले १२४ जना कर्मचारीको एकै पटक सरुवा गरेको छ।

लुम्बिनी प्रदेश सरकारको नीति अनुसार वन तथा वातावरणमन्त्री बादशाह कुर्मीले अधिकृतस्तर आठौँ तहसम्मका १२४ जना कर्मचारीको सरुवा गरेका हुन ।

मन्त्रालयले सार्वजनिक गरेको सरुवा लिष्टमा दुई वर्षभन्दा बढी कार्यरत सबै अधिकृत र रेन्जरहरूको नाम परेको छ । दुई वर्ष अवधि पुगेका कर्मचारीलाई सरुवा गर्ने नीति प्रदेश सरकारको रहेकाले सोही नीति बमोजिम अवधि पुगेका सबै कर्मचारीका सरुवा गरिएको लुम्बिनी प्रदेशका वन तथा वातावरणमन्त्री कुर्मीले बताए ।

एकै स्थान र जिल्लामा बसेर लामो समय काम गर्दा कामको प्रभावकारिता घटेर जाने हुँदा सरुवा गरिएको जानकारी दिदै कर्मचारीको नियमित सरुवा नहुँदा जिल्लामा समस्या पनि सिर्जना भइरहेको गुनासा आएको बताए ।

मन्त्रालयले वन प्रशासनलाई व्यवस्थित र चुस्त बनाउन सरुवाको निर्णय गरेको मन्त्रालयले जनाएको छ । निर्णयबाट प्रभावित भएर अन्य मन्त्रालयले पनि दुई वर्षभन्दा बढी अवधि पुगेका कर्मचारीको सरुवा गर्ने मन्त्रालयका कर्मचारीको भनाइ छ।

# ओम्स नेपालको प्रथम महाधिवेशन

बुटवल । बजार व्यवस्थापन तथा बिक्री कर्मचारी संघ (ओम्स) नेपालको प्रथम महाधिवेशन बुटवलमा भएको छ। सातै प्रदेशका प्रतिनिधि सहभागी महाधिवेशन उद्घाटनमा बोल्दै जिफण्टका अध्यक्ष विनोद श्रेष्ठले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन कार्यान्वयन हुनुपर्ने बताउँदै यही व्यवस्थाभित्र बनेको अहिलेको सरकारले मजदुरका समस्या हल गर्नुपर्नेमा जोड दिए ।

उनले जिफन्ट सबै मजदुरको साझा संस्था भएको दाबी गर्दै ट्रेड युनियन आन्दोलनलाई राजनीतिक पार्टीसँग जोड्न नहुने बताए ।

कार्यक्रममा जिफण्टका उपाध्यक्ष जितेन्द्र श्रेष्ठ, उपाध्यक्ष कमल गौतम, सीता लामा, महासचिव लक्ष्मण शर्मा, सचिव हरि कार्की, महेन्द्र श्रेष्ठ, जिफन्ट लुम्बिनी प्रदेश अध्यक्ष हुमाकान्त काफ्ले, रुपन्देही व्यापार संघका उपाध्यक्ष प्रकाश ढकाल, बसन्त सिग्देललगायतले बोल्दै श्रमिक वर्गलाई न्यायपूर्ण तलब, सामाजिक सुरक्षासहित अधिकार दिनुपर्नेमा जोड दिए । बजार व्यवस्थापन तथा बिक्री कर्मचारी संघ नेपालका अध्यक्ष सूर्य पुराजुलीले श्रमिकको तलब वृद्धि, स्वास्थ्य बिमा र पेन्सन जस्ता महत्वपूर्ण मागहरु सरकारले पूरा गर्नुपर्ने बताए । सो अवसरमा भुर्तेलले समेत आफ्नो भनाइ राखेका थिए।

# देवदहमा फोहोर वर्गीकरण अभियान



देवदह । देवदह नगरपालिका-५, वडा कार्यालयले फोहोर वर्गीकरण अभियान सुरु गरेको छ । डम्पिङ्ग साइडमा फोहोर व्यवस्थापन गर्नको लागि कुहिने र नकुहिने फोहोरलाई वर्गीकरण गर्ने अभियान सुरु गरेको हो ।

वडाभित्रको प्रत्येक टोलमा फोहोर वर्गीकरण गर्ने अभियान सञ्चालन गरेको र वर्गीकरण गरेपछि मात्र फोहोर उठाउने वडाध्यक्ष एवं नगर प्रवक्ता गणेश डुम्रेले जानकारी दिए । फोहोर वर्गीकरण नगर्दा धेरै समस्या आएको भन्दै प्रत्येक टोलमा पुगेर फोहोर वर्गीकरण गर्ने अभियान सञ्चालन गरेको उनले बताए ।

देवदह नगरपालिकाले बुद्ध सामुदायिक वन क्षेत्रमा डम्पिङ्ग निर्माण गरी फोहोर व्यवस्थापन गर्दै आएको थियो । देवदह नगरपालिकाले डम्पिङ्ग साइडमा फोहोर व्यवस्थापन गर्दा दुर्गन्धित फैलिएको भन्दै बुद्ध सामुदायिक वन उपभोक्ता समूहले विगत एक महिनादेखि डम्पिङ्ग साइडमा फोहोर फाल्न रोक लगाएको छ। फोहोरलाई वर्गीकरण गरेपछि मात्र देवदह नगरपालिकाले सञ्चालन गरेको डम्पिङ्ग साइडमा फाल्न दिने सहमतिअनुसार फोहोर वर्गीकरणको अभियान सुरुवात गरेको हो । फोहोर वर्गीकरण नगर्दा डम्पिङ्ग साइडमा फोहोर व्यवस्थापन गर्न असहज भएकोले गाउँ/टोलमा फोहोर वर्गीकरण गर्ने गरी अभियान सञ्चालन गरिएको वडाध्यक्ष डुम्रेले जानकारी दिए ।

नगरपालिकाले वर्गीकरण नगर्दासम्म घर/घरबाट फोहोर नउठाउने निर्णय गरेसँगै फोहोर वर्गीकरण सम्बन्धी आमनागरिकलाई सचेतना जगाउनको लागि अभियान सञ्चालन गरेको डुम्रेले बताए । पहिलो चरणमा प्रत्येक टोलमा पुगेर फोहोर वर्गीकरणसँगै कुहिने फोहोर र नकुहिने फोहोरलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषय आमनागरिकलाई जानकारी दिने गरी अभियान सञ्चालन गरेको डुम्रेले जनाए ।

देवदहको खैरेनी चोकदेखि सुरु गरिएको फोहोर वर्गीकरणको अभियान गोठीडी मार्ग, सिद्धार्थ कलोनी, दुर्गानगर, बैकुण्ठनगर, नमूना हरियाली टोलमा फोहोर वर्गीकरण गरिएको र बाँकी रहेको टोलहरुमा निरन्तर रुपमा अभियान सञ्चालन गर्ने उनले बताए। फोहोरलाई घरमै व्यवस्थित गर्न सके फोहोरलाई मोहरमा परिणत गर्न सकिने भएकोले अभियान सञ्चालन गरिएको जानकारी उनले दिए । फोहोर वर्गीकरण अभियानमा देवदह नगरपालिकाका उपप्रमुख विद्यालक्ष्मी गुरुङ्, प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटा, नगर प्रवक्ता गणेश डुम्रे, जनप्रतिनिधि, टोल विकास संस्थाका प्रतिनिधि, स्वास्थ्यकर्मी, विद्यार्थी तथा आमनागरिकको सहभागिता रहेको थियो ।


आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रुपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र




"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com